स्थानीय सरकार
Local Government
# पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८२/०८३
च.नं.१९६

मिति : २०८२/१०/०८

**विषयः प्रतिभा पहिचान कार्यक्रमको मिति संशोधन सम्बन्धमा।**

**श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू**
**पथरी शनिश्चरे नगरपालिका, मोरङ।**

प्रस्तुत विषय सम्बन्धमा पथरी शनिश्चरे नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रमअनुसार शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजना तथा श्री पञ्चायत माध्यमिक विद्यालयको व्यवस्थापन सहयोगमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा पहिचान कार्यक्रम मिति २०८२/१०/१३ गतेदेखि १५ गतेसम्म सञ्चालन गर्ने गरी सूचना गरिएकोमा पथरी शनिश्चरे नगरपालिकाको नगर सभा मिति २०८२/१०/१४ गरिने निर्णय भए अनुसार उल्लेखित कार्यक्रम तपसिल अनुसार सञ्चालन हुने भएकाले **मिति २०८२/१०/१८** गते भित्रमा विद्यालयबाट सहभागी हुने विद्यार्थीहरूको विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

२०८२/१०/०८
... खुलाल
अधिकृतस्तर आठौं (शिक्षा)

तपसिलः

१. कार्यक्रम सञ्चालन हुने मितिः २०८२/१०/२३ गतेदेखि २५ गतेसम्म।
२. कार्यक्रम सञ्चालन हुने स्थानः श्री पञ्चायत मा.वि पथरी शनिश्चरे नगरपालिका- १ मोरङ।
३. कार्यक्रममा समावेश गरिएको विधाहरूः

क. **एकल नृत्य प्रतियोगिता**- आधारभूत तथा माध्यमिक तह (प्रत्येक विद्यालयबाट तहगत रूपमा १/१ जना)
**नियमहरूः**

- नृत्य गरिने गीत विशुद्ध नेपाली लोक संस्कृति झल्कने (लोकगीत) हुनुपर्नेछ। चलचित्रमा प्रयोग भई सकेको लोक संस्कृति झल्कने गीतलाई समावेश गरिने छैन।
- नृत्यमा नाटकीय भावलाई भन्दा नृत्य भावलाई बढी महत्व दिइनेछ।
- भाव र सङ्गितमा मात्र सहभागीता जनाउन पाइने छैन।
- रिमिक्स वा एक भन्दा बढी गीत मिसाएर नृत्य प्रस्तुत गर्न पाइने छैन।
- केटालाई केटी वा केटीलाई केटा बनाई नृत्य प्रस्तुत गर्न पाइने छैन।
- गीतको बोल अनुसारको भेषभुषालाई बढी प्राथमिकता दिइनेछ।
- नृत्य बढीमा ४ देखी ५ मिनेट सम्मको हुनुपर्नेछ। तोकिएको समय भन्दा बढी भएमा त्यसको मूल्याङ्कन गरिने छैन।
- सहभागी सङ्ख्या बढि भएमा छनौट चरण सञ्चालन गरी तोकिएको सङ्ख्यामा मात्र फाइनलमा सहभागी गराइनेछ।

- अन्य नियमहरू नृत्यका प्रचलित नियमानुसार हुने तथा निर्णायकहरूबाट नृत्य सुरु हुनु भन्दा अगाडी सहभागीलाई जानकारी गराइनेछ।
- सहभागीको नाम पठाउदा अनिवार्य गीतको बोलसहित पठाउनु पर्नेछ। नृत्य प्रस्तुत गर्दा गीत पेन ड्राइभमा सहभागी आफैले उपलब्ध गराउनु पर्नेछ।

ख. **एकल गायन प्रतियोगिता**- आधारभूत तथा माध्यमिक तह (प्रत्येक विद्यालयबाट तहगत रूपमा १/१ जना)

**नियमहरू:**

- गीत नेपाली समाज संस्कृति सुहाँउने नेपाली गीत हुनु पर्नेछ। र्‍याप तथा पप गीतलाई सहभागी गराइने छैन।
- गीत ट्र्याकमा गाउनु गर्नेछ। गीतको ट्र्याक सहभागी आफैले पेन ड्राइभमा उपलब्ध गराउनु पर्नेछ।
- रिमिक्स वा एक भन्दा बढी गीत मिसाएर गायन प्रस्तुत गर्न पाइने छैन।
- गायन बढीमा ४ देखि ५ मिनेट सम्मको हुनुपर्नेछ। तोकिएको समय भन्दा बढेमा त्यसको मूल्याङ्कन गरिने छैन।
- सहभागी सङ्ख्या बढि भएमा छनौट चरण सञ्चालन गरी तोकिएको सङ्ख्यामा मात्र फाइनलमा सहभागी गराइनेछ।
- अन्य नियमहरू गायनका प्रचलित नियमानुसार हुने तथा निर्णायकहरूबाट प्रतियोगिता सुरु हुनु भन्दा अगाडी सहभागीलाई जानकारी गराइनेछ।
- सहभागीको नाम पठाउदा अनिवार्य गीतको बोलसहित पठाउनु पर्नेछ

ग. **चित्रकला प्रतियोगिता**- आधारभूत तथा माध्यमिक तह (प्रत्येक विद्यालयबाट तहगत रूपमा १/१ जना)

**नियमहरू:**

- चित्र बनाउनु पर्ने शीर्षक सहभागीहरूलाई सोहि समयमा दिइनेछ।
- चित्र बनाउने कागज आयोजकले उपलब्ध गराउनेछ। अन्य आवश्यक सामग्रीहरू पेन्सिल रङ आदि सहभागी आफैले व्यवस्थापन गर्नुपर्नेछ।
- ज्यामितीय सामग्रीहरूको प्रयोग गर्न पाइने छैन।
- चित्रकलाको समय २ घन्टा निर्धारण गरिएको छ।

घ. **हिज्जे प्रतियोगिता**- आधारभूत तह (प्रत्येक विद्यालयबाट एउटा समूह)

**नियमहरू:**

- एउटा समूहमा २ जना सहभागी रहनु पर्नेछ।
- हिज्जे प्रतियोगिता ६० प्रतिशत (१८० पूर्णाङ्क) अङ्ग्रेजी तथा ४० प्रतिशत (१२० पूर्णाङ्क) नेपाली भाषाका विषयवस्तु समावेश गरिनेछ।

२०८२/१०/१८

- अङ्ग्रेजी हिज्जे प्रतियोगितामा सोधिने प्रश्नहरू ब्रिटिस डिक्सनेरीलाई आधार बनाइनेछ । साथै नेपाली शव्दहरू बृहत नेपाली शव्द कोषका आधारमा तयार गरिनेछ ।
- **अङ्ग्रेजी हिज्जे प्रतियोगितामा देहाय अनुसार तीन चरणमा सञ्चालन गरिनेछ ।**

**1 st Round:- Select your option Round. 100 MARKS**

- 10 words shall be asked from each team.
- 10 points for correct answer.
- Question does not pass to the next team.
- Word to be spelled within 30 seconds.

**2 nd Round :- Unscramble the jumbled letter to make meaningful word. 60 MARKS**

- Make meaningful words using the jumbled letters.
- All the letter against each number should be used.
- OLKC = LOCK
- 6 words shall be given to each team.
- Time of 120seconds (2minute) shall be allotted to answer.
- 10 points for correct answer.
- (-) 5 points for wrong answer.

**3 rd Round :- Identify the mistake in the sentence and correct it. 20 MARKS**

- Two questions from each team.
- 10 points for right answer.
- Time of 30 seconds shall be allotted to

**नेपाली हिज्जे प्रतियोगिता: देहाय अनुसार २ चरणमा सञ्चालन गरिनेछ ।**

**पहिलो चरण: शुद्ध लेखन- ८० पूर्णाङ्क**

- सहभागीको रोजाइको समूहबाट सहभागीलाई प्रश्न सोधिनेछ ।
- प्रत्येक समूहलाई ८ वटा शव्द सोधिनेछ ।
- सही उत्तरवापत प्रति प्रश्न १० अङ्क प्रदान गरिनेछ ।
- प्रश्न अर्को समूहमा पास हुदैन ।
- ३० सेकेन्ड समय भित्र सहि शव्द लेखि सक्नु पर्नेछ ।

**दोस्रो चरण: दिएका वाक्यलाई शुद्ध पारेर लेख्ने - ४० पूर्णाङ्क**

- प्रत्येक समूहलाई ४ वटा वाक्यहरू दिइनेछ ।
- प्रत्येक वाक्यमा ५ वटा अशुद्धिहरू समावेश गरिनेछ । प्रत्येक अशुद्धिवापत २ अङ्कका दरले एउटा वाक्यलाई जम्मा १० अङ्क प्रदान गरिनेछ ।
- ४ वटा प्रश्नलाई जम्मा ३ मिनेट समय प्रदान गरिनेछ ।

२०८२/१०/०८
नविन खुलाल
...आठौं (शिक्षा)

स्थानीय सरकार
Local Government
# पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८२/०८३
च.नं.४५६

ङ. **विज्ञान प्रदर्शनी प्रतियोगिता-** माध्यमिक तह (प्रत्येक विद्यालयबाट एउटा समूह बढीमा ५ जना)

- **STEM Exhibition-** यस प्रदर्शनीमा सहभागी प्रथम दोस्रो र तेस्रो लाई पुरस्कारको ब्यवस्था गरिएको छ । सहभागी प्रत्येक समुह मा ५ जना आफ्नो **project** मा **STEM (Science, Technology, engineering** र **mathematics )** को अवधारणा व्यक्त भएको हुनुपर्नेछ ।
- **Project** एउटा नै हुन्छ तर त्यो **project** मा **science** के छ ? **Technology** के छ ? **Engineering** के छ ? **Mathematics** के छ? भन्ने कुरा को अवधारणा झल्काउने हुनु पर्दछ ।
- विज्ञान प्रदर्शनीमा सहभागी विद्यालयले प्रदर्शनी स्टलको अनुमानित आकारसमेत पत्रमा उल्लेख गर्नु पर्नेछ ।

**पुनश्च**: नृत्य र गायन प्रतियोगिता वाहेकका अन्य सबै प्रतियोगितामा विद्यार्थीहरू अनिवार्य विद्यालय पोशाकमा परिचय पत्रसहित उपस्थित हुनु पर्नेछ । साथै विद्यार्थीहरू तोकिएको समय भन्दा अगाडि नै कार्यक्रम स्थलमा उपस्थित भई आयोजकसँग सम्पर्कमा हुनु पर्नेछ । विद्यार्थीको साथमा अनिवार्य एकजना शिक्षकसमेत उपस्थित हुनुपर्नेछ ।

**नोट: सहभागीहरूको सङ्ख्या अनुसार प्रतियोगिता सञ्चालन हुने समय २०८२/१०/२० गते सूचना गरिनेछ ।**

बोधार्थः
श्री सूचना प्रविधि शाखा – सूचना नगरपालिकाको वेवसाइटमा प्रविष्टि गरिदिनु हुन ।

२०८२/१०/०
नविन
अधिकृतस्तर आठौं (शिक्षा)

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल, फोन नं. +९७७-०२१-५५६११३
Email: patharishanishcharemun@gmail.com, info@patharishanishcharemun.gov.np website: www.patharishanishcharemun.gov.np